वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ३६ २०८३ जेठ ११ गते सोमबार, नेपाल सम्वत् ११४६ May 25, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-





# सफासडकको 'नो-पार्किङ' बहस र 'विश्वले चिनेका वेदव्यास, ओझेलमा व्यासभूमि'

**नारायण खड्का/तनहुँ**

दमौली केवल तनहुँको सदरमुकाम मात्र होइन, यो धार्मिक, सांस्कृतिक र ऐतिहासिक चेतनासँग जोडिएको महत्वपूर्ण भूमि पनि हो । यही भूमिलाई वेदव्यासको जन्मभूमि, तपोभूमि र कर्मभूमिका रूपमा चिनिन्छ। हिन्दु सभ्यता, दर्शन र साहित्यको आधारशिला मानिने महाभारत, चार वेद र अठार पुराणका रचनाकार महर्षि वेदव्यासको नाम विश्वभर श्रद्धाका साथ उच्चारण गरिन्छ । तर विडम्बना के छ भने, जसले संसारलाई ज्ञानको अमूल्य सम्पदा दिए, उनले तपस्या गरेको भूमि भने अझै अपेक्षित पहिचान र विकासबाट टाढा छ । आज व्यासभूमि दमौलीलाई राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्ने विषय अत्यन्तै आवश्यक बनेको छ ।

व्यास पराशर क्षेत्र, व्यासगुफा, पराशर गुफा, शिवपञ्चायन मन्दिर, मादी-सेती संगमस्थल, छाब्दी बाराह क्षेत्र र मच्छेकुण्डजस्ता स्थलहरूले दमौलीको धार्मिक र ऐतिहासिक महत्वलाई प्रमाणित गर्छन्। पाँच नदीको संगम क्षेत्रसँग जोडिएको धार्मिक विश्वास, सत्यवतीको जन्मस्थलको मान्यता तथा व्याससँग सम्बन्धित अनेक पौराणिक कथाहरूले यो भूमिलाई अझ विशिष्ट बनाएको छ । यस्ता आधारहरूले दमौलीलाई हिन्दु धार्मिक पर्यटनको महत्वपूर्ण केन्द्र बनाउन सक्ने सम्भावना प्रष्ट देखिन्छ। तर सम्भावना जति ठूलो भए पनि त्यसलाई योजनाबद्ध ढंगले उपयोग गर्न नसक्दा व्यासभूमि आज पनि "बत्तिमुनिको अँध्यारो" जस्तै बनेको छ ।

पृथ्वी राजमार्गसँग जोडिएको दमौली भौगोलिक दृष्टिले अत्यन्तै महत्वपूर्ण स्थानमा रहेको छ । पोखरा, बन्दीपुर, चितवनजस्ता प्रमुख पर्यटकीय गन्तव्यको मार्गमै पर्ने भएकाले यहाँ दैनिक हजारौँ आन्तरिक तथा बाह्य पर्यटक आवतजावत गर्छन् । तर तीमध्ये धेरैजसो पर्यटक दमौली हुँदै यात्रा गरे पनि व्यास पराशर क्षेत्रसम्म पुग्दैनन् । यसको मुख्य कारण हो- प्रभावकारी प्रचारप्रसारको अभाव, व्यवस्थित पूर्वाधारको कमी र दीर्घकालीन




सोचसहितको पर्यटन योजना नहुनु । धार्मिक आस्था मात्र पर्याप्त हुँदैन, पर्यटकलाई आकर्षित गर्न सहज पहुँच, व्यवस्थित बजार, सरसफाइ, पार्किङ, सूचना केन्द्र, विश्रामस्थल, पदमार्ग र आधुनिक व्यवस्थापन आवश्यक हुन्छ ।

यही सन्दर्भमा दमौलीको सफासडक क्षेत्रको व्यवस्थापन अहिले बहसको विषय बनेको छ । व्यास पराशर क्षेत्र पुग्ने मुख्य मार्ग भएकाले नगरपालिकाले ट्राफिक व्यवस्थापन र सौन्दर्यकरणका लागि पार्किङ निषेधको निर्णय गरेको छ । यस निर्णयप्रति व्यवसायीहरूले असन्तुष्टि जनाएका छन्। उनीहरूको चिन्ता पनि स्वाभाविक छ । व्यापार व्यवसाय ग्राहकको सहज पहुँचसँग जोडिएको हुन्छ । तर अब समय बदलिएको छ । केवल पसलअगाडि सवारी रोकेर व्यापार चलाउने पुरानो सोचबाट माथि उठ्नुपर्ने आवश्यकता छ । विश्वका धेरै पर्यटकीय शहरहरूमा बजार क्षेत्रलाई पैदलमैत्री बनाइन्छ, सडकलाई आकर्षक बनाइन्छ र त्यसले व्यापार झन् बढाउने गरेको उदाहरण प्रशस्तै छन् ।

सफासडकलाई व्यवस्थित, स्वच्छ र सौन्दर्ययुक्त क्षेत्रका रूपमा विकास गर्न सकिए यसले दीर्घकालीन रूपमा स्थानीय व्यवसायीलाई नै लाभ पुग्नेछ । खुला र व्यवस्थित सडक, आकर्षक प्रकाश व्यवस्था, विश्राम स्थल, स्थानीय कला-संस्कृति झल्कने संरचना तथा धार्मिक वातावरणले पर्यटकलाई रोक्न सक्छ । पर्यटक केही समय बस्यो भने होटल, रेष्टुरेन्ट, पसल र स्थानीय उत्पादन सबैको व्यापार बढ्छ । त्यसैले नगरपालिकाको व्यवस्थापन प्रयास र व्यवसायीहरूको चासोलाई द्वन्द्वको रूपमा होइन, साझा समाधान खोज्ने अवसरका रूपमा लिनुपर्छ ।

दमौली आसपासका अन्य सम्भावनाहरु पनि उत्तिकै महत्वपूर्ण छन् । मानुङकोट अहिले आन्तरिक पर्यटनको आकर्षण बनेको छ। कुहिरोको समुद्र, हिमश्रृंखला र प्राकृतिक सौन्दर्यले हजारौँ पर्यटकलाई तानिरहेको छ । यदि मानुङकोट, व्यास पराशर क्षेत्र, छाब्दी बाराह, बन्दीपुर र तनहुँ जलविद्युत आयोजनालाई एउटै पर्यटन सर्किटमा जोड्न सकियो भने दमौलीले धार्मिक, प्राकृतिक र सांस्कृतिक पर्यटनको केन्द्रका रूपमा नयाँ पहिचान बनाउन सक्छ ।

१०८ फिट अग्लो व्यास मूर्ति निर्माणको अवधारणा पनि महत्वपूर्ण छ । तर मूर्ति निर्माण मात्र पर्याप्त हुँदैन । त्यससँगै सम्पूर्ण क्षेत्रको एकीकृत विकास आवश्यक छ । व्यास संग्रहालय, वैदिक अध्ययन केन्द्र, ध्यानस्थल, धार्मिक पदमार्ग, डिजिटल सूचना प्रणाली, सांस्कृतिक उत्सव र अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्न सकियो भने व्यासभूमिको पहिचान विश्वस्तरमा फैलिन सक्छ । आजको युग डिजिटल प्रचारप्रसारको हो । सामाजिक सञ्जाल, वृत्तचित्र, पर्यटन वेबसाइट र अन्तर्राष्ट्रिय धार्मिक नेटवर्कमार्फत व्यासभूमिको प्रचार गर्न सकिन्छ ।

लुम्बिनी बुद्ध जन्मस्थलका रूपमा विश्वभर परिचित हुन सफल भयो। भारतका वाराणसी, अयोध्या र हरिद्वार धार्मिक पर्यटनबाट समृद्ध बने । त्यसैले व्यासभूमि दमौलीलाई पनि वेदव्याससँग जोडिएको विश्वस्तरीय धार्मिक गन्तव्य बनाउन असम्भव छैन । तर यसका लागि स्थानीय सरकारको प्रयास मात्र पर्याप्त हुँदैन । प्रदेश सरकार, संघीय सरकार, निजी क्षेत्र, स्थानीय समुदाय र नागरिक समाजबीच साझा प्रतिबद्धता आवश्यक छ ।

अब व्यासभूमिलाई केवल स्थानीय गौरवका रूपमा सीमित राख्ने समय सकिएको छ । यो हाम्रो सभ्यता, इतिहास र सांस्कृतिक पहिचानसँग जोडिएको सम्पदा हो । वेदव्यासले संसारलाई दिएको ज्ञानको सम्मान गर्ने हो भने उनले तपस्या गरेको भूमिलाई पनि विश्वसामु चिनाउनुपर्छ। दमौलीलाई व्यवस्थित, स्वच्छ, आकर्षक र आध्यात्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्न सकियो भने यसले केवल धार्मिक महत्व मात्र होइन, स्थानीय अर्थतन्त्र, रोजगारी र सांस्कृतिक संरक्षणमा समेत ठूलो योगदान पुऱ्याउनेछ । व्यासभूमिलाई "बत्तिमुनिको अँध्यारो" बाट निकालेर विश्वव्यापी पहिचान दिलाउनु आजको आवश्यकता मात्र होइन, हाम्रो साझा दायित्व पनि हो ।

# अतिक्रमण हटाएर बन्ला त पोखरा बसपार्क ?

**भञ्ज्याङ समाचारदाता/गण्डकी**

पर्यटकीय राजधानी पोखरामा आधुनिक बसपार्क बनाउने योजना ५० वर्षदेखि अधुरै छ । बसपार्कका लागि विसं २०३२ मा अधिग्रहण गरिएको जग्गा उल्टो अतिक्रमणमा परेर साँघुरिँदै गएको छ ।

पोखरा उपत्यका नगर विकास समितिले बसपार्कका लागि सुरूमा २०५ रोपनी जग्गा अधिग्रहण गरेको थियो। समयमा बसपार्क नबन्दा उक्त जग्गा अतिक्रमणमा परेर अहिले झण्डै ६० रोपनीमा मात्र सीमित भएको छ ।

बचेखुचेको जग्गामा पनि व्यवस्थित ढङ्गले बसपार्क सञ्चालन हुन सकेको छैन। जग्गा अतिक्रमण गरी बनाइएका घरटहराले बसपार्क क्षेत्र ढाकिएको छ । फोहोरको दुर्गन्ध र बिजुलीका जीर्ण पोल त्यसमा लत्रिएका तार अनि धुलाम्मे सडक। पानी जमेका खाल्डाखुल्डी । न व्यवस्थित टिकट काउण्टर न बस राख्ने ट्र्याक । अस्तव्यस्त पार्किङ। पोखरा बसपार्कको अवस्था झल्काउने दृश्य हुन् यी । जीर्ण र अव्यवस्थित बसपार्कले पर्यटकीय राजधानी पोखरालाई गिज्याइरहेको भान मिल्छ ।



पोखरा महानगरपालिका-९ पृथ्वीचोकमा रहेको बसपार्कको जग्गा अतिक्रमण हटाएर सुविधासम्पन्न बसपार्क बनाउन पटकपटक गरिएको प्रयास सफल हुन सकेको छैन । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गामा स्थानीयवासी, पुरानो विमानस्थल बनाउँदा सारिएका र सुकुम्बासी परिवारको बसोबास छ । पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको बसपार्कको जग्गा पटकपटक अतिक्रमणमा पर्दै आएको पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनुभयो ।

उहाँका अनुसार बसपार्क क्षेत्रमा बसोबास गरिरहेका ५७५ भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासी परिवारले वडामा विवरण बुझाएका छन् । महानगरपालिकाले यसअघि वितरण गरिएको निस्साको प्रतिलिपि, घरमुली र परिवारका सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, घरमुली र परिवारका अन्य सदस्यको नाता प्रमाणित वा

बाँकी अन्तिम पेजमा

# प्रसारण लाइन निर्माणका लागि चितवनमा रूख छपान सकियो

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ जलविद्युत् आयोजना अन्तर्गत प्रसारण लाइन निर्माणका लागि चितवनतर्फको वनमा पर्ने रूखहरूको छपान सकिएको छ । आयोजनाको प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माणका लागि चितवन जिल्लामा पर्ने रूखहरूमा छपानकार्य सकिएको हो ।

दमौली-भरतपुर २२० केभी प्रसारण लाइनको मार्गधिकारमा पर्ने चितवन जिल्लास्थित राष्ट्रिय वनमा रहेका रूखको छपान कार्य सकिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । प्रसारण लाइनको टावर निर्माण र मार्गधिकारमा चितवन र तनहुँ जिल्लामा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटविरूवा हटाउन वन तथा भूसंरक्षण विभागसँग सम्झौता भएको थियो ।

डिभिजन वन कार्यालयबाट रूख छपानको प्रतिवेदन तयार गरी बागमती प्रदेश वन निर्देशनालयमा बुझाइएको भण्डारीले बताए । तनहुँ जिल्लास्थित रूखहरूको छपान कार्य भने जारी रहेको उनले बताए । प्रसारण लाइन निर्माणका लागि तनहुँ र चितवनमा पर्ने ९२.७ हेक्टर वन क्षेत्रको जग्गा भोगाधिकार पाउनुका साथै त्यहाँ रहेका नौ हजार १२७ रूखपोल हटाउन अनुमति प्राप्ति भएसँगै काम अगाडि बढेको छ ।

मन्त्रिपरिषद्को निर्णयबमोजिम

बाँकी दोश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com




# रविले थामेसम्म टिक्ने हो !

वैशाख महिना। पालुवा लागेको हरियो वन। घर अगाडि वसन्ती उद्‌बोध गराउँदै फुलेका फूल। गाढा हरियो पातको लहलह मकैबारी। काला चिल्ला सडक। चितवनको सुन्दरता मनभरि पोखियो।

चितवन जिल्लामा प्रतिनिधिसभाका तीन वटा निर्वाचन क्षेत्र छन्। किशोर, जयन्द्र र म तीन क्षेत्रका मतदाता। रवि लामिछानेको निर्वाचन क्षेत्र २ घुम्ने योजना बनाएर एक फन्को लगाउन निस्कियौँ।

दुई नम्बर क्षेत्र ४६८.४१ वर्ग किलोमिटरमा फैलिएको छ। इच्छाकामना गाउँपालिका, कालिका नगरपालिका र भरतपुर महानगरपालिकाका १० वडा रहेका छन्। यहाँको जनसत्त्या २,६२,०५५ रहेको छ। घुम्दै हामी कुरिनटार इच्छाकामना गाउँपालिका अगाडिको चियापसलमा रोकियौँ । पालिकामा आएका सेवाग्राहीसँग निर्वाचन क्षेत्रमा पर्ने आवश्यक विकास सम्बन्धमा बुझ्न आफैँले कुरा उप्कायौँ ।

'हाम्रा प्रतिनिधि रवि हुन्। फिस्लिङबाट उपरदाङगढी, शक्तिखोर, खोलेसिमल हुँदै भरतपुर जाने ४५ किलोमिटरको बाटोमा हाम्रा कुराहरु सुन्ने स्रोताहरु निकै झुम्मिएका थिए। चियाको चुस्कीसँगै मागलाई समर्थन गरैँ।

'सर, मुग्लिन-काठमाडौँ, मुग्लिन-नारायणगढ बाटो 'अनफिनिस्ड प्रोजेक्ट' जस्तो भयो । सडक किनारमा घर हुने हामीहरूले भातभन्दा धेरै धुलो खाएका छौँ,' हिराचन थकाली सडक छेउको यथार्थ बोलिरहेका थिए।

'सडकको वारिपारि धेरैजसो ऐलानी जग्गामा पसलहरु खोलिएका छन्। हामीले अब यहाँबाट हट्नुपर्छ ?', सडक छेउमा पसल गर्दै आएका एक पसलेले चिन्ता प्रकट गरे।

'देशभर नै सार्वजनिक जग्गा चाहे ऐलानी होस् वा नदीखोला किनार होस्, त्यो त छोड्नुपर्छ। सरकारको नीति हो,' जयन्द्रले जवाफ दियो।

चिया पिइसकेर हामी मुग्लिन, गाईघाट हुँदै जुगेडी पुग्यौँ। भोक लागेको थियो। पसल अगाडि रोकियौँ। पसलमा स्थानीय बासिन्दाहरु टन्नै थिए। 'रविजीलाई प्रतिनिधिसभाको निर्वाचनमा तेस्रो पटक यथार्थ माग र आवश्यकता बुझ्थे होलान्। केन्द्रको राजनीति र सरकारको गतिविधिले उनलाई गाँजेर राखेको छ। जुगेडी बसाइको बिट मार्दै हामी नारायणगढतिर लाग्यौँ।

नारायणगढ/भरतपुर प्राचीन शहर हो। बजार क्षेत्र र सरकारी कार्यालय भएकाले जनसंख्या वृद्धिदर वार्षिक २.२५ प्रतिशतले भएको छ। एक दशकमा २६ प्रतिशत जनसंख्या वृद्धि भएको देखिन्छ। यस निर्वाचन क्षेत्रको जनघनत्व ४६८ जना प्रति वर्गकिलोमिटर रहेको छ। यसले भरतपुर महानगरपालिकामा तीव्र शहरीकरण भइरहेको पुष्टि गर्छ– नेपथ्यबाट जानकारी आइरहेको थियो।

जयन्द्र ! महानगरपालिकामा पूर्वाधार बनाउँदै गर्दा आधुनिक ढल निकास प्रणाली स्थापना गर्नुपर्छ। शहरी विकाससँगै शहर सफा, स्वच्छ र सुन्दर बनाउन घरायसी फोहोर र पानी निष्कासनको व्यवस्थापन जरूरी भएको छ। नत्र नदी, खोलानाला प्रदूषित हुन्छन्।

नगर भित्रका खोलानाला तथा नदीलाई प्रदूषणबाट सुरक्षित राख्न र फोहोर




पिच बन्छ। त्यसपछि मनकामनामा जस्तो इच्छाकामना देवीको दर्शन गर्ने दर्शनार्थीहरूको भिड लाग्छ। चेपाङ बस्ती हेर्न, चेपाङहरूले चलाएका होमस्टेमा खाने र सिराइचुलीमा रमाउने पर्यटकहरु आउँछन्। चिउरी र चमेरा हेर्छन्। चितवनको पहाडी पर्यटन व्यवसाय फस्टाउँछ', एक जना अधबैँसे युवाले आफ्ना आशाहरु छताछुल्ल पोखे ।

'हामीले पुराना दलहरूलाई छोडेर नयाँ चुनेको विकासको लागि हो, सर। चेपाङको आर्थिक अवस्था उठाउने जिम्मा पाँच वर्षका लागि हामीले रविलाई दिएका छौँ। उनले हाम्रो गरिबी हटाउने योजना ल्याउन सकेनन् भने त नयाँ र पुरानामा के फरक भयो?', चेपाङ जातिकी एक अगुवा महिलाले चेतावनीपूर्ण स्वरमा भनिन्।

'सर, चेपाङहरूको सम्पत्ति चिउरीको रूख, चमेरा र चोनाम हो। चमेरा र चिउरीको संरक्षण सरकारले गरेन भने चेपाङ मासिन्छौँ। हाम्रा पुर्खाले ओडारमा जीवन बिताए। अहिले हाम्रा जग्गा हुनेखानेले कब्जा गर्दै छन्। हामीले चेपाङभूमि छोड्नुपर्ने हुन्छ। सरकारले इच्छाकामना गाउँपालिकालाई 'चेपाङ, चमेरा र चिउरी संरक्षण क्षेत्र' घोषणा गरोस्,' एक जना वृद्ध चेपाङले चेपाङको समस्या र उपाय बताए।

मैले चारैतिर आँखा घुमाएँ। वरिपरि जिताउनुभयो। रविजीले के गरिदिए हुन्थ्यो जस्तो लाग्छ तपाईँहरूलाई ?', किशोरले कुरा उप्कायो।

'रवि त हाम्रा मात्र प्रतिनिधि होइनन्। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति पनि हुन्। चितवन वा चितवनको २ नम्बर क्षेत्र हेरेर मात्र हुन्छ र ? आफ्नो क्षेत्र मात्र हेऱ्यो भन्ने आरोप लाग्दैन ? रविले त सातै प्रदेश, ७५३ पालिका र ७७ जिल्ला हेर्नुपर्छ,' रविका समर्थकले उदार भावना राखे।

'आफ्नो निर्वाचन क्षेत्र नहेरे अर्को पटक चुनावमा कसले भोट देला नि ?,' एक जना रास्वपाकी मतदाताले राय राखिन्।

'सभापतिले पार्टीको काम हेर्नुपऱ्यो नि, बहिनी,' एक जना सम्झाउन थाले।

'प्रधानमन्त्री अर्कैले चड्काइहाल्यो,' अर्कोले दिक्क मानेझैँ गरे।

'हेर्नुस् सर, अब जुगेडी र देवघाटधामबीच आर्थिक सम्बन्ध स्थापित गर्नुपर्छ। अर्थमन्त्री देवघाटको, पार्टी सभापति जुगेडीको। त्यसपछि मात्रै रवि र स्वर्णिमलाई जिताएको अर्थ हुन्छ', रोजगारीको आशा गरेका एक युवकले आफ्नो भावना प्रकट गरे।

रविले आफ्नो निर्वाचन क्षेत्रको पैदल यात्रा गरे भने बल्ल आफ्ना मतदाताको पानीलाई शुद्धीकरण गरेर सिँचाइ गर्नको लागि भरतपुर महानगरपालिकामा एकीकृत आधुनिक ढल निकास प्रणाली विकास गर्न आवश्यक छ। यो उच्च लगानीको दीर्घकालीन आयोजना हुने भएकाले रवि लामिछानेको पहलमा 'भरतपुर एकीकृत आधुनिक ढल निकास प्रणाली विकास राष्ट्रिय गौरव आयोजना' विकास गर्नुपर्छ। अब सुरू नगरे ढिलो हुन्छ– मैले ढल प्रणालीको आवश्यकताबारे बताएँ।

'तैँले रविलाई र सोबितालाई भेटेर भन् यो कुरा,' किशोर र जयन्द्रले एकसाथ मलाई जिस्क्याए।

मैले रविलाई भेटेर भन्न चाहेको तर नसकेको जानकारी साथीहरूलाई दिएँ।

भरतपुरको अटाली रेस्टुरेन्टमा कफी पियौँ। त्यसपछि कालिका नगरपालिका हेर्दै-हेर्दै खोलेसिमल बजार पुग्यौँ। खोलेसिमलमा वीरेन्द्र क्याम्पस पढ्दाका साथी गोपी टुप्लुक्क भेट भए। कुराकानी भयो। भोक लाग्यो, खाजा खाऔँ भन्दै गोपीले एउटा रेस्टुरेन्टमा छिराए।

रेस्टुरेन्टमा केराको मात्र परिकार पाइने रहेछ। हामीले केराको मःम खायौँ। स्वादिलो, मुखै रसायो। फेरि थप्यौँ, केराको लस्सी उस्तै मिठो।

खाजा खाएर हामी केराबारी हेर्न

बाँकी तेश्रो पेजमा

## प्रसारण लाइन निर्माणका .....

आयोजनाको दमौली भरतपुर-२२० केभी प्रसारण लाइनको टावर निर्माण र मार्गधिकारमा चितवन र तनहुँमा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटविरूवा हटाउन तनहुँ हाइड्रोपावर लिमिटेड र वन तथा भूसंरक्षण विभागबीच हालै सम्झौता भएको थियो ।

यस प्याकेजको निर्माण व्यवसायी केइसी इन्टरनेसनल लिमिटेड भारतले दमौली-भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ७८ वटा टावरको जग हाल्ने र ६९ वटा टावर जडानकार्य सम्पन्न गरिसकेको छ। यस प्याकेजको समग्र प्रगति ७८ प्रतिशत रहेको भण्डारीले बताए ।

तनहुँ जलविद्युत् आयोजनाको तीनवटा प्याकेजमा काम भइरहेको छ । प्याकेज-१ अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५९ प्रतिशत प्रगति भएको भण्डारीले बताए । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरूङलगायतका संरचनाको निर्माणकार्य सकिएको छ ।

मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो । विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सकिएको जनाइएको छ ।

प्याकेज-२ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम चीनको सिनो हाइड्रो कर्पोरेसनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचना निर्माणका लागि खन्ने काम सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माण सम्पन्न भएको भण्डारीले बताए। विद्युतगृह, केवल सुरूङ, सर्च ट्याङ्क, टेलरेसलगायत संरचनाको मुख्य कङ्क्रिटिङ सम्पन्न भएको यस प्याकेजको प्रगति ७७ प्रतिशत रहेको छ।

भण्डारीका अनुसार विद्युतगृहको सिभिल कार्य करिब सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकल कार्य जारी छ । विद्युतगृहमा छाना लगाउने, पानी फाल्ने लगायतका काम भइरहेका छन् ।

## तपाईंको आज

**मेष**
शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ। हडबडीले काम बिग्रनेछ ।

**वृष**
आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । अवसरका लागि निकै दौडधुप गर्नुपर्नेछ ।

**मिथुन**
पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ । आयआर्जनका स्रोत बढ्नेछन्।

**कर्कट**
चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ । शत्रुहरु किनारा लाग्नेछन् । आयआर्जनका स्रोत बढ्नेछन्।

**सिंह**
बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला। सेवामूलक काममा प्रवृत्त भइनेछ ।

**कन्या**
ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

**तुला**
हतारको निर्णयले काम बिग्रनेछ। महत्वाकांक्षी योजनामा आफ्नैले बाधा पुर्याउलान् ।

**वृश्चिक**
प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले लक्ष्यमा पुर्याउनेछ । आतिथ्यपूर्ण सम्मान पनि प्राप्त हुनेछ ।

**धनु**
परिस्थितिअनुसार चल्न नसक्ता पछि परिनेछ । आर्थिक स्थितिमा सामान्य सुधार आउनेछ ।

**मकर**
कामको चाप पनि बढ्न सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला ।

**कुम्भ**
भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ । आयआर्जनका स्रोत बढ्नेछन् ।

**मीन**
स्रोत-साधन जुट्नाले उद्योग र व्यापारमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ । आयआर्जनका स्रोत बढ्नेछन्।

# रविले थामेसम्म ......

गर्यौं। कालिका नगरपालिकाको कृषिभूमिको ७० प्रतिशत भूमिमा केरा खेती लगाइएको रहेछ।

'हाम्रो कालिका नगरपालिका कृषि उत्पादनको लागि चिनिन्छ। नगरपालिकाको केरा गुणस्तरीय छ। सरकारले कालिका नगरपालिकालाई 'केरा उत्पादनको पकेट एरिया' घोषणा गरेर कृषकलाई प्रोत्साहित गर्नुपर्छ,' हामीले भेटेका किसानले आˆनो अपेक्षा सुनाए।

'कालिकामा केराको चिप्स बनाउने उद्योग र डेरी उत्पादन उद्योग खोल्न सके त रोजगारी पनि बढ्थ्यो। किसान पनि खुसी हुने थिए,' जयन्द्रले तर्क राख्यो।

'सरकारले कालिकालाई कृषि उत्पादन क्षेत्रको रूपमा विकास गर्न जोड दिनुपर्छ,' अर्का किसानले थपे।

'जग्गा-जमिनको जथाभावी प्लटिङ गरेर कृषिभूमि सिध्याउन लागे। 'नो फार्मर नो फुड, नो फुड नो लाइफ'। कृषिभूमिलाई व्यावसायिक भूमिले कम्पेन्सेट गर्ने चलन रहेछ, अरु देशहरूमा। सरकारले छिट्टै कृषिभूमिको संरक्षण गरेन भने, ॐ नमो शिवाय', किसानको महत्त्व स्पष्ट गर्दै अर्का बोले।

कृषक त अन्नदाता हुन्। उनीहरूको संरक्षण र प्रोत्साहन गर्न सरकार चुक्नु हुँदैन। गोपीसँग बिदावारी भएर हामी खोलेसिमलबाट केराबारी र मकैबारी हेर्दै जुटपानीसम्म पुगेर नारायणगढ फर्कियौँ।

भोलिपल्ट, हाम्रो यात्रा नारायणगढबाट सुरू भयो। नारायणगढलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय ग्राहकलाई लक्षित गरेर 'आधुनिक सपिङ सेन्टर' को रूपमा विकास गर्नुपर्छ। सपिङ सेन्टरले आर्थिक कारोबार बढाउँछ। यहाँका आकर्षक धार्मिक र पर्यटकीय स्थलहरु विकास गर्न सरकारले एकीकृत गुरूयोजना बनाएर अगाडि बढ्नुपर्छ। गफ गर्दै हामी नारायणी किनारको सौन्दर्यपान गर्न पुग्यौं। लद्दु हुँदै शिवघाट लाग्यौं।

शिवघाटमा खासगरी नारायणी नदीको सौन्दर्य र जलकपुर माछाको मिठास मिसिएको छ। यो किनार नवयुवाका युगल जोडीको डेटिङ स्थलको केन्द्र बन्दै गएको छ। गफ गर्दै हामी 'जलकपुर माछा रेस्टुरेन्ट' मा छिर्यौं। मान्छे खचाखच।

रेस्टुरेन्टभित्र गरमागरम राजनीतिक बहस भइरहेको रहेछ।

'अहिले हाम्रो देशले युवा प्रधानमन्त्री बालेन पाएको छ। परिवर्तन र विकास गर्ने आँट भएको। सरकारी कार्यालयहरूमा काम छिटो हुन थालेको पनि छ। काठमाडौँमा सुकुमवासीले कब्जा गरेको जग्गा खाली भए। शिक्षा क्षेत्रमा परिवर्तन आएको छ। सरकारलाई काम गर्न दिऊँ। कति आलोचना मात्रै गर्ने?', एक महिलाले आशाको पोका खोलिन्।

'राम्रो काम गरेकोमा सरकारलाई बधाई छ। तर संविधानमा भएका प्रधानमन्त्रीका कर्तव्य त पालना गर्नुपर्‍यो नि', अर्काले रिसाउँदै भने। आफैँले पेस गरेको नीति र कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिन प्रधानमन्त्री प्रतिनिधिसभामा जानुपर्थ्यो। प्रधानमन्त्री सभाप्रति उत्तरदायी हुनुपर्छ- एक जनाले प्वाक्क बोलेको मैले सुनेँ।

'संसद् त गँजडीको गफ गर्ने थलो हो, बोकाको टाउको राखेर भैँसीको मासु बेच्ने ठाउँमा किन जाने प्रधानमन्त्री?,' एक अधबैंसे जङ्गिँदै थिए।

हामी एउटा टेबुलमा गएर बस्यौं। किशोरले तीन सेट माछा, भटमास, भुजा माग्यो। कुरा सुन्दै हामी माछा पर्खिरह्यौँ।

'अब कांग्रेस-कम्युनिस्टका दिन सकिए। रास्वपाका दिन आए, हजुर,' एक जना हाँस्दै थिए।

'सत्र सालमा राजा महेन्द्रले 'कु' गरेको विरोधमा उठेका कांग्रेसी युवालाई सरकारले भरतपुर एअरपोर्टमा लाइन लगाएर गोली ठोकेर मारेको रगत अझै आलो छ। कांग्रेसमाथि भएको अन्याय बिर्सन सकिन्न,' एक जनाले हामीलाई चिनेझैँ नजिकै आएर भने।

'प्रधानमन्त्री काम गर्न रूचाउने मान्छे। सदनका टिठलाग्दा गफ सुन्न गएनन्। विरोधी पार्टी रिसाएर के हुन्छ त?,' कुनामा बसेका युवक जङ्गिँदै उठे।

'सभापति रवि त्यागी र कुरा गर्न सिद्धहस्त हुनुहुन्छ। तीन-तीन पटक हामीले त्यसै जिताएको हो र ? बजेट बनाउँदा चितवनमा पहिलेभन्दा धेरै विकास बजेट आउँछ क्या अब,' रमेशले फुर्तीसाथ प्रशंसाको पुल बाँधे।

'रवि बिचराको के कुरा गर्ने ? आफ्नै पार्टीको सरकार बने पनि सहकारी ठगको बिल्लाबाट मुक्ति पाएका छैनन्। किन चाउरिस् मरिच आफ्नै पिरोले,' धनराजले व्यङ्ग्य गर्दै बोले।

'हेर्नुस् सर, कसरी-कसरी उनीहरूले रविजीलाई ढाक्रे बनाए। पाँच वर्ष राम्रो काम गरे अर्को पटकको चुनावमा पनि बालेनलाई नै प्रधानमन्त्री घोषणा गरेर चुनावमा जानुपर्ने होला। यो पाँच वर्षमा काम गर्न सकेनन् भने फेरि कांग्रेसहरु उठिहाल्छन्। रवि कहिले प्रधानमन्त्री हुने? मलाई त कस्तो नरमाइलो लागिरहेको छ,' एक जना रास्वपाका समर्थक हामीसँग साखुल्ले हुँदै रविको पक्षमा बोले।

प्रतिनिधिसभामा राष्ट्रपतिले नीति र कार्यक्रम पढ्दापढ्दै प्रधानमन्त्री उठेर हिँड्नु अनुशासनसँग मेल खाँदैन। सभामा उठेका प्रश्नहरूको जवाफ दिन सरकार प्रमुख नजानु उत्तरदायित्व र कर्तव्य विपरीत हुन्छ। संसदीय मर्यादा प्रतिकूल र सुशासनको बर्खिलाफ हो। नागरिकले सुशासन खोजेका छन्। नयाँ काम गर्ने भनेको गैरसंवैधानिक काम गर्ने भनेको त होइन नि।

'विकासले नागरिकको मन छुन सकेन र शासनले नागरिकको सम्मान गरेन भने त्यो सुशासन हुँदैन। देशले विकासको विकेन्द्रीकरण खोजेको छ। भरपर्दो पूर्वाधार, शिक्षा, स्वास्थ्य र पर्यटकीय स्थलको विकास सतहत्तरै जिल्लामा पुर्‍याउनु छ। काठमाडौँमा मान्छे थुप्रिएर धान्नै नसक्ने भइसक्यो,' भुजा चपाउँदै एक जना विकासमुखीले तर्क राखे।

'प्रधानमन्त्रीले संसद्को उपेक्षा गरेको विपक्षी मात्र होइन, सत्तापक्षका सांसदहरूलाई पनि पटक्कै मन परेको छैन। तर उनीहरु पार्टी नियममा बाँधिए, बोलेनन्। विपक्षीहरूले प्रधानमन्त्रीको आलोचना गरिरहेको बेला रविको अनुहार हेर्न लायक थियो। देख्नुभएन टिभीमा?,' अर्का एक जना आफ्नो अनुभव सुनाउँदै थिए।

'पहिले 'चुपचाप घन्टीमा छाप' भन्दै जुलुसमा दौडियो। सरकारले सुकुमवासी बस्ती भत्कायो। सुकुमवासी मरेको घटनाले मन साह्रै दुखायो। जेनजी आन्दोलनमा जलेको सिंहदरबार फेरि बनाउन सकिन्छ। शहादत प्राप्त व्यक्तिको ज्यान फेरि पाइन्छ? भन्नेले नै सुकुमवासीको ज्यान लिए। सरकारी जमिनमा बनाएको घर त सुस्तै-सुस्तै हटाएको भए ती मान्छे मर्दैनथे होलान् नि?,' कुराकानी सुन्दा उनी फ्रस्टेड रास्वपाका मतदाता हुन् जस्ता देखिन्थे।

तपाईँहरुको छलफल त प्रतिनिधिसभाको छलफलभन्दा जीवन्त छ- मैले प्रशंसाको पुल बाँधे।

रेष्टुराँमा लामो हाँसो छताछुल्ल भयो।

'सर, रवि प्रधानमन्त्री नभए पनि जिल्लामा विकास, रोजगारीका काम भए भो। महानगरपालिकाको ढल, फोहोर व्यवस्थापनको आयोजना आउला, महानगरपालिकामा मेट्रो रेलको निर्माण, नारायणी नदी र राप्ती नदीको किनार तथा बरन्डाभार जङ्गलको पश्चिम किनारमा ८ लेनको चक्रपथ निर्माण होला। फिस्लिङ-शक्तिखोर-कालिका सडक निर्माण गर्न बजेट विनियोजन होला', एक समर्थकले आशाको लामो पुलिन्दा खोल्दै सुनाए।

'हेर्नुस्, अहिले रविजी बोल्न नसक्ने हालतमा छन्। प्रधानमन्त्रीले गरेका काम रफु गर्दै फुर्सद छैन। सरकारले सुकुमवासी उठायो। जनता रिसाए। जनता थामथुम पार्न रवि हात जोड्दै पुगे। प्रतिनिधिसभामा जवाफ दिन प्रधानमन्त्री गएनन्। सरकारको नीति कार्यक्रम पास गर्न नेपथ्यमा बसेर रविले विपक्षीलाई सहमत गराए। रविलाई 'भालुको कम्पट' भएको छ। 'छोडौँ आफैँलाई टोक्छ। नछोडौँ कहिलेसम्म समातेर बस्ने?', रविका प्रखर विरोधी लाग्ने एक बुज्रुकले रास्वपा भित्रको राजनीतिक अवस्थाको स्वमूल्याङ्कन सुनाए।

पहिले आफ्नो पार्टी मिलाउनुस् बा। अर्काको पार्टीमा जुम्रा देख्ने, आफ्नो पार्टीको भैँसी नदेख्ने। दसतिर मुख भएको अनुशासनहीन पनि पार्टी हुन्छ। त्यही भएर हो म कांग्रेस छोडेर रास्वपातिर लागेको- उनी पुराना कांग्रेसी कार्यकर्ता रहेछन्।

'भारतमा सकियो। नेपालमा पनि कम्युनिस्ट पार्टी सकिन्छन्। अब कुन पार्टीमा जाने हो ? विचार गर्नुस् दाइ,' एक जना गिल्ला गर्दै हाँसे।

'त्यसो नभन्नुस् कमरेड, कम्युनिस्टहरु धुलो टकटक्याएर उठ्छन्', वामपन्थी ताते।

'कांग्रेस देशको राष्ट्रिय शक्ति हो। चुनाव हारे पनि, जिते पनि र चुनाव नलडे पनि। कांग्रेस अब गगनले सम्हाल्छन्। तपाईँ कांग्रेसमै फर्कनुहुन्छ', कांग्रेसी कार्यकर्ता जोसिए।

'हेर्नुस्, अबको पाँच वर्षपछि कांग्रेसले नै सरकार बनाउँछ। कसरी भनुँ?', अर्का कांग्रेसी प्रश्न गर्दै जुरूक्क उठे र भन्न थाले, 'अब बिस्तारै रविले आफ्ना एजेन्डाहरु कुनै मन्त्रीमार्फत क्याबिनेटमा पेस गर्न लगाउँछन्। प्रधानमन्त्रीलाई त्यो मन पर्दैन। अनि के हुन्छ, आफैँ कल्पना गर्नुस् ? म धेरै बोल्दिनँ।'

'वास्तवमा अहिले रवि अत्यन्त अप्ठ्यारो अवस्थामा छन्। एकातिर आफू प्रधानमन्त्री नभएको चोट छ, अर्कोतिर महत्त्वाकाङ्क्षी प्रधानमन्त्रीलाई पार्टीको तर्फबाट बचाउ गर्नु छ। आफ्नो निर्वाचन क्षेत्रको लागि बजेटसम्म माग गर्न सक्ने अवस्था छैन। बिचरा 'मुटुमाथि ढुङ्गा राखी' डटेका छन्। उनले सक्ने भनेको पार्टीको महाधिवेशन हो। त्यो त २०८३ को असारमा चितवनमा गर्ने भइहाले,' वामपन्थी बुद्धिजीवीले व्यङ्ग्य कस्न भ्याए।

'राम-लक्ष्मणको जोडी हो, कसैले फुटाउन सक्दैन। हाम्रो राष्ट्रिय-अन्तर्राष्ट्रिय साइबर जत्था छ,' एक जना रास्वपा कार्यकर्ताले रिसाएझैँ गरी भनिन्।

'थोरै रन्कियो भने साइबर जत्थाले त रवि-बालेनलाई पनि डस्छ, नानाथरी गाली गर्दै,' एक जनाले जिस्क्याउँदै भने।

हामी रमाइलो मान्दै जलकपुरको स्वाद लिइरहेका थियौँ।

एक जना युवा उठेर हाम्रो नजिक आए। प्रश्न राखे- यो सरकार पाँच वर्ष नै चल्ला त ?

'हेर्नुस् भाइ, रास्वपाको सरकार पाँच वर्ष टिक्नुपर्छ। जनताको म्यान्डेट त्यो हो। तर सरकार पाँच वर्ष टिक्ने र नटिक्ने कुरा रवि र बालेनको सम्बन्धमा निर्भर गर्छ। रवि बिस्तारै राजनीतिक रूपमा परिपक्व बन्दै गएको देखिन्छ। तर बालेन धनी बाउआमाको पुल्पुलिएको सन्तान जस्तो लाग्छ। उनका फ्यानहरु विवेक नै बन्धक राखेर सामाजिक सञ्जालमा सक्रिय छन्।'

नेपाली सुशासन, विकास र शान्तिको आशा गरेर बसेका छन्। सरकारले काम गर्दा प्रजातान्त्रिक विधि अवलम्बन गरोस्। सिस्टम बनाओस् भन्ने हो हाम्रो भनाइ। तर प्रधानमन्त्रीको व्यवहारले प्रजातन्त्र उदास देखिन्छ र रास्वपा निरीह।

रवि र बालेन दुवै महत्त्वाकाङ्क्षी युवा हुन्। उनीहरूबीचको सम्बन्ध, विकास र निर्धारण, आपसी विश्वास र निरन्तर संवादमा निर्भर गर्छ। 'इमोसनल इन्टेलिजेन्स' मा सम्बन्ध व्यवस्थापनलाई महत्त्वसाथ वर्णन गरिएको छ। सुशासन भनेको भ्रष्टाचार नियन्त्रण गर्नु मात्र नभएर शासन प्रक्रियामा सरकारका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच राम्रो सम्बन्ध राख्नु पनि हो। सुशासनको लागि पार्टी र सरकारबीच पनि राम्रो सम्बन्ध हुनुपर्छ। सम्बन्ध राम्रो बनाउन पहिले त व्यक्तिले आफूलाई चिन्नुपर्‍यो। त्यसपछि अर्को पक्षको अवस्था वा समस्या बुझ्नुपर्‍यो। त्यसैअनुसार व्यवहार गर्नुपर्‍यो। त्यस्तो भएन भने सम्बन्ध सुदृढ हुँदैन।

रवि पार्टी र सरकारबीच समन्वय गरिरहेका छन्। बालेन सरकारमा छन्। निर्णय अधिकार उनको हातमा छ। छिटो काम गरेर देखाउँछु भने पनि एक्लै गन्तव्यमा पुगिँदैन। चिप्लिन सकिन्छ। काम गर्दा कम्तिमा पनि आफ्नो पार्टीसँग समन्वय हुनुपर्छ। संविधान मस्यौदा कार्यदलको नाइके बनाउँदा 'राम्राभन्दा हाम्रालाई छाने'। बोलाएको संसद् रोकेर अध्यादेश ल्याए। सुकुमवासी उठाउँदा प्रक्रिया बिग्रियो। रविले हात जोडे।

प्रधानमन्त्री कतै कम्प्रोमाइजमा आउने संकेत देखिँदैन। प्रतिनिधिसभामा सांसदको प्रश्न सुन्न र जवाफ दिन नआएको घटनाले पुष्टि गर्छ। सभामुख त विपक्षीको विरोधले हैरान छन्।

अबका दिनमा रविका राजनीतिक एजेन्डा क्याबिनेटमा कसरी सम्बोधन हुन्छन् ? बालेनले कति समेट्छन् ? रविले आˆनो 'इग्नोर' कति सहन्छन् ? त्यो नै महत्त्वपूर्ण हुन्छ। यसकारण रविले थामेसम्म हो रास्वपाको सरकार पाँच वर्ष टिक्ने वा नटिक्ने- मैले वस्तुस्थितिको मूल्याङ्कन गर्दै सुनाएँ।

उनी चुपचाप सन्त्रासमा परे। हामी नारायणी नदीको गोधुली रङ्गमा रमाउँदै रेस्टुराँबाट बाहिरियौँ। गैँडाकोट मौलाकालिका मन्दिरको घण्टको आवाज नजिकै गुन्जिरहेको थियो। अनलाइनखबरबाट

# चीनमा नेपाललाई 'सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्य'को सम्मान

रासस/काठमाडौं

चीनको ग्वाङ्भ्फाउमा नेपाललाई 'मोस्ट चार्मिङ टुरिज्म डेस्टिनेसन' अर्थात् सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्यको सम्मान प्रदान गरिएको छ । चीनको ग्वाङ्झाउमा यही मे २१ देखि २३ सम्म आयोजित ग्वाङ्झाउ अन्तर्राष्ट्रिय पर्यटन मेलामा नेपाललाई सो सम्मान प्रदान गरिएको हो ।

नेपालको प्राकृतिक सौन्दर्य, आध्यात्मिकता, सांस्कृतिक विविधता तथा साहसिक पर्यटनको आकर्षणका आधारमा नेपाललाई उक्त सम्मान प्रदान गरिएको नेपाल पर्यटन बोर्डले जनाएको छ ।

नेपाल पर्यटन बोर्डले तीनदिने अन्तर्राष्ट्रिय पर्यटन मेलामा 'नेपालः अ लाइफटाइम एक्सपेरियन्स' अर्थात् 'नेपालः जीवनभरको अनुभव' भन्ने नारासहित नेपालको सहभागिता समन्वय गरेको थियो। मेलामा नेपालले सांस्कृतिक, धार्मिक, साहसिक, आउटडोर तथा लक्जरी पर्यटनका विविध सम्भावनाबारे अन्तर्राष्ट्रिय आगन्तुक तथा ट्राभल ट्रेड व्यवसायीलाई जानकारी गराएको थियो ।

चीनको ग्वाङ्झाउ सहर हङकङ तथा ग्रेटर वे एरिया नजिकको प्रमुख व्यापारिक तथा पर्यटन केन्द्र भएकाले नेपाली पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण बजारका रूपमा हेरिएको छ । विशेषगरी वेलनेस, धार्मिक, सांस्कृतिक र लक्जरी पर्यटनका क्षेत्रमा चिनियाँ पर्यटक आकर्षित गर्ने सम्भावना उच्च रहेको नेपाल पर्यटन बोर्डले जनाएको छ ।

मेलाको उद्घाटन दिन २१ मे मा नेपाली सांस्कृतिक नृत्य प्रस्तुति तथा गन्तव्य नेपालसम्बन्धी विशेष प्रस्तुति आयोजना गरिएको थियो। उक्त कार्यक्रममा नेपाली कला, संस्कृति र पर्यटन सम्पदाबारे चिनियाँ आगन्तुक तथा पर्यटन व्यवसायीलाई जानकारी गराइएको थियो ।

उद्घाटन सत्रमा नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक विमल कँडेलले नेपालको पर्यटन सम्भावना, गन्तव्य र प्रवर्द्धन रणनीतिबारे 'कन्ट्री प्रेजेन्टेसन' दिनुभएको थियो । उहाँले नेपालको पर्यटन बजार विस्तार रणनीतिबारे आयोजित प्यानल छलफलमा सहभागिता जनाउनुभएको थियो ।

उक्त मेलामा नेपालका आठ पर्यटन व्यवसायी कम्पनी सहभागी हुनुभएको थियो। सहभागी कम्पनीले ट्रेकिङ, भ्रमण, होटल तथा आतिथ्य सेवासम्बन्धी प्याकेजहरूबारे चिनियाँ तथा अन्तर्राष्ट्रिय पर्यटन व्यवसायीलाई जानकारी गराउनुभएको थियो ।

हाल नेपाल वायुसेवा निगम र चाइना साउदर्न एयरलाइन्सले काठमाडौँ-ग्वाङ्झाउ सिधा उडान सञ्चालन गरिरहेका छन् । यसले नेपाल र चीनबीचको पर्यटन पहुँच विस्तार हुनाका साथै चिनियाँ पर्यटक आगमन बढाउन सहयोग पुग्ने विश्वास नेपाल पर्यटन बोर्डले लिएको छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**गाउँको उत्पादन बजारमा** : तनहुँको शुक्लागण्डकी नगरपालिकाले वडा नं. ५ को वेलचौतारामा सञ्चालनमा ल्याएको कृषि हाटबजारमा आइतबार स्थानीय कृषकले उत्पादन गरेको कृषि उपज खरिद बिक्री गरिदै । स्थानीय उत्पादनको प्रवर्द्धन गर्नुका साथै किसानको श्रम, मिहिनेत र आत्मनिर्भरताको सम्मान गर्ने उद्देश्यले नगरपालिकाले कृषि हाटबजार सञ्चालनमा ल्याएको हो । *तस्विर : भञ्ज्याङ*

# अतिक्रमण हटाएर बन्ला ....

घरमुली आफैले नाता खुलाएको स्वःघोषणापत्र बुझाउन केही दिनअघि सार्वजनिक सूचना गरेको थियो ।

पोखरा बसपार्कभित्र बसोबास गरिरहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको टोल सहजीकरण समितिका संयोजक असिम तामाङले बसपार्कको जग्गा खाली गराउनुपूर्व सुकुम्बासीहरूको उचित व्यवस्थापन हुनुपर्ने बताउनुभयो । "महानगरप्रमुखज्यूसँग हाम्रो दुईपटक छलफल भयो, उहाँले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको छानबिन गरी वास्तविक सुकुम्बासीको उचित व्यवस्थापन गरेर मात्र बसपार्क निर्माणको प्रकृया अगाडि बढाइने आश्वासन दिनुभएको छ", संयोजक तामाङलले भन्नुभयो ।

बसपार्क निर्माणमा आवश्यक सहयोग र सहजीकरण गर्न आफू तयार रहेको उहाँको भनाइ छ । पोखरा उपत्यका नगर विकास समितिका पूर्वअध्यक्ष विश्वप्रकाश लामिछानेले सुरूमा अधिग्रहण गरिएको २०५ रोपनीमध्ये पृथ्वी राजमार्गको निर्माणपछि कायम भएको १८७ रोपनी जग्गामै बसपार्क बनाउनुपर्ने बताउनुभयो । "बसपार्क क्षेत्रको सबै जग्गामा बसपार्क बनाउनुपर्छ, कसैलाई त्यही राख्ने, कसैलाई हटाउने गर्नुहुँदैन", उहाँले भन्नुभयो, "बसपार्क क्षेत्रमा बसोबास गरिरहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन राज्यले गर्नुपर्छ ।"

आफू समितिको नेतृत्वमा छँदा विसं २०६४ मै आधुनिक बसपार्क निर्माणको योजना अगाडि बढाए पनि विविध कारणले बसपार्क बन्न नसकेको उहाँको भनाइ छ। पर्यटनका माध्यमबाट नेपाललाई अन्तर्राष्ट्रिय जगतमा चिनाएको पोखरामा स्तरीय बसपार्क बन्न नसकेमा स्थानीय यातायात र पर्यटन व्यवसायीको दुःखेसो छ । यातायात व्यवसायी योगेन्द्र केसीका अनुसार पोखरा बसपार्क भएर दैनिक झण्डै ३०० सवारी देशका विभिन्न गन्तव्यमा गुड्छन् । गण्डकी प्रदेशको राजधानी पोखरासँग ६३ जिल्ला यातायात सञ्जाल जोडिएको छ ।

बसपार्कमा ढलान, पार्किङ ट्र्याक, यात्रु विश्राम कक्ष निर्माण, शौचालय, खानेपानीलगायत पूर्वाधारको खाँचो छ । यातायात व्यवसायीले पोखरा महानगरपालिका र प्रदेश सरकारसमक्ष पटकपटक बसपार्क स्तरोन्नतिको माग गर्दै आएका छन् । बसपार्क अस्तव्यस्त भएपछि गाडीले राजमार्ग छेउछाउबाटै यात्रु चढाउने र ओराल्ने गर्छन् । टिकट काउण्टर पनि बाहिरी सडकमा छन्। अहिलेसम्म बसपार्कलाई चाहिने कुनै पनि पूर्वाधार बन्न सकेको छैन । तीव्र सहरीकरण र सवारीसाधनको चापलाई दृष्टिगत गरेर पोखरामा आधुनिक सुविधायुक्त बसपार्क बनाउनुपर्ने आवाज उठ्दै आएको छ ।

बसपार्क नबन्दा ट्राफिक व्यवस्थापन पनि चुनौती थपिएको छ। जथाभावी सवारीसाधन पार्किङ र यात्रु चढाउने/ओराल्ने गर्दा पृथ्वीचोक क्षेत्र अस्तव्यस्त देखिन्छ। कति जग्गा घडेरीका रूपमा बिक्री भयो, कति अतिक्रमणमा पऱ्यो भन्ने एकिन तथ्याङ्क कुनै निकायसँग छैन । पोखरा महानगरपालिका र नगर विकास समितिले बसपार्क निर्माणको प्रकृयालाई अगाडि बढाउन अतिक्रमित जग्गा खाली गराउन पहल अगाडि बढाएका छन् ।

महानगरले गत वैशाखमा ४ गते सार्वजनिक सूचनामार्फत बसपाकभित्रका अतिक्रमित संरचना हटाउन निर्देशन दिएको थियो । ३५ दिने उक्त सूचनाको अवधि शनिबार सकिएपछि पोखरा उपत्यका नगर विकास समितिले शनिबार अर्को सूचना जारी गरेको छ । समितिले पोखरा बसपार्क क्षेत्रभित्र रहेका पसल कबल लगायत सबै संरचना १५ दिनभित्र हटाउन निर्देशन दिएको हो ।

पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रकृयामा सहजीकरण गर्न व्यवसायीहरूलाई सूचित गरिएको हो । तोकिएको मितिभित्र संरचना नहटाएमा समिति आफैले हटाउने र सो क्रममा लाग्ने लागतसमेत सम्बन्धित व्यक्ति तथा संस्थाबाट असुल उपर गरिने सूचनामा उल्लेख छ ।

समितिले बसपार्क क्षेत्रभित्र लालपूर्जा भएका जग्गाधनीलाई सात दिनभित्र नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, चाल आवको सम्पत्ति/भूमिकर तिरेको रसिद र जग्गासम्बन्धी प्रमाण पुग्ने अन्य कागजात समितिको कार्यालयमा बुझाउन निर्देशनसमेत दिएको छ । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बसपार्कको अतिक्रमित जग्गा खाली गराई बसपार्क निर्माणको प्रकृयालाई अगाडि बढाइने बताउनुभयो ।

"भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका नाममा झण्डै ५०० परिवार बसपार्कको जग्गामा घरटहरा बनाएर बस्नुभएको छ, उहाँहरूको वास्तविक अवस्था छानबिन गर्दैछौं, सुकुम्बासीलाई उचित व्यवस्थापन गर्छौं", उहाँले भन्नुभयो, "बसपार्क बन्नुपर्छ भन्नेमा सर्वपक्षीय र सर्वदलीय सहमति छ, बसपार्कको गुरूयोजना पनि बनिसकेको छ, अतिक्रमित जग्गा खाली गराएर बसपार्क बनाउँछौं ।"

प्रमुख आचार्यले राजनीतिक दल, नागरिक समाज, यसबीचमा भूमिहीन दलित, सुकुम्बासी, अव्यवस्थित बसोबासी, व्यवसायी लगायतसँग जग्गा अतिक्रमण हटाएर बसपार्क बनाउने विषयमा छलफल गर्नुभएको छ । महानगरपालिकाले पोखराको मध्यभाग भएर बग्ने फिर्केखोलाको अतिक्रमित जग्गा पनि आइतबारदेखि खाली गराउन सुरू गरेको छ। पोखरा-१८ अँधेरीकुनादेखि २, ४, ५, ७, ८, १७ हुँदै वडा नं. ६ गाईघाट पुगेर फेवातालमा मिसिने पिर्केखोलाको खोलाघरभित्र पर्ने स्थायी तथा अस्थायी संरचना हटाइने भएको हो ।

यसअघि गत वैशाख ४ गते सार्वजनिक सूचनामार्फत ३५ दिनभित्र फिर्केखोला खोलाघरभित्रका संरचना हटाउन महानगरले सार्वजनिक रूपमा सूचित गरेको थियो । उक्त सूचनाका आधारमा केही व्यक्ति तथा संस्थाले अतिक्रमित संरचना आफैं हटाएका छन् । पिर्केखोलाको खोलाघर क्षेत्रलाई आकर्षक गन्तव्यस्थल बनाउने महानगरको योजना छ । रासस

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व–उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## facebook twitter



**Dr. Vijay Poudel**
x.com/drvijaypou

बादरले मान्छे मार्न दिने कि बादर मारेर मान्छे बचाउने ? अस्ट्रेलियाले घरघर आएर हैरान पारेपछी बीसौलाख कङ्गारू मार्छ, बन सिद्धयाए भनेर लाखौलाख उट मार्छ तर नेपालका तीनवटै सरकार बादर मारेर किसान बचाउदैनन । अनि बन्ध्याकरण गर्नेजस्ता उटपट्याङ कुरा गर्छन तथाकथित अभियन्ताहरू ।



**शिव चालिसे**
x.com/4leebos

बिरोध नै गरेको जस्तो होला,
अहिले बितरण गरेको ड्राइभिङ लाइसेन्सको क्वालिटि चाहि स्कुले बिध्यार्थीको स्टुडेन्ट आइडि कार्ड जतिको पनि छैन रैछ! यतिको हतार गरेर छापेको कार्ड वालेटमा राख्दा पनि ५ बर्ष नटिक्ने होकि भन्ने पो डर छ त !



**तिमिल्सिना युवी**
x.com/ubiiiit

सु शासन कायम भनेर राजधानि तिर मात्रै मिडिया बाजि र चर्का कुराले देशको समस्या समाधान हुने वाला छैन देशमा रहेका हरेक खालि जग्गा एकिन गरी एकीकृत कृषि योजनाहरू सुरू गर्नुपर्छ स्थानीय सरकार त्यसको अभिभावक बन्नु पर्छ र नागरिकमा पनि अझ लगनशीलता र अनुशासनको खाँचो देख्छु म त ।

# अतिक्रमित फिर्केखोलालाई प्राकृतिक बहावमा ल्याईदै

**कृष्ण दवाडी**/कास्की

पोखराको मध्य भाग भएर बग्दछ फिर्केखोला । पोखराको अँधेरीकुनादेखी सुरू हुने फिर्के फेवातालमा गएर मिसिन्छ । तर फिर्केखोला अहिले अतिक्रमणको सिकार मात्र बनेको छैन, फोहर विसर्जन गर्ने स्थलसमेत बनेको छ। अतिक्रमणका कारण खोलाको प्राकृतिक बहाव नै रोकिने अवस्थाका बीच लामो समयदेखि फिर्के चर्चामा रह्यो । यसैबीच, अन्ततः खोलाघरभित्रका अतिक्रमित संरचना आजदेखि अभियानका रूपमा हटाउन सुरू गरिने भएको छ । महानगरले लामो प्रयासपछि अन्ततः फिर्केका अतिक्रमित संरचना हटाउन डोजर चलाउन लागेको हो ।

महानगरले फिर्केको सार्वजनिक जमिन अतिक्रमण गरी बनाइएका संरचना हटाउनका लागि दिएको ३५ दिनको समयसीमा शनिबार सकिएको थियो । महानगरले गत वैशाख ३ गते सार्वजनिक सूचना प्रकाशित गरी सार्वजनिक जमिनमा बनाइएका संरचना हटाउन सूचना जारी गरेको थियो ।

खोलाघरमा बसोबास गरिरहेका तथा संरचना निर्माण गरेका व्यक्ति तथा संस्थाहरूलाई पूर्वसूचना दिई सकिएकाले आजदेखि अभियानका रूपमा तीन ठाउँबाट खोलाघर खाली गर्ने कार्य सुरू गरिने महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । अतिक्रमित संरचना हटाउने कार्यको औपचारिक सुरूआत महानगर प्रमुख आचार्यले जिरोकिमी नजिक फिर्केपुलबाट गर्नुहुनेछ । महानगरले अतिक्रमित संरचना हटाउनका लागि सुरू गरिने अभियानको सबै तयारीका काम सकिएको जनाएको छ ।

महानगरका फिर्केका तीन स्थानबाट अतिक्रमित संरचना हटाउन सुरू गरिनेछ । पोखरा-२ र १८ को सिमाना अँधेरिकुनादेखि सुरू गरी वडा ४ तर्फ, पोखरा-४ र ५ को सिमाना फिर्केपुलस्थित बूढानीलकण्ठ मन्दिरदेखि सुरू गरी वडा नम्बर ५ र ८ तर्फ र पोखरा-७ र ८ को सिमाना जिरोकिलोमिटरस्थित लायन्स भवनदेखि फेवातालतर्फ गरी तीन स्थानबाट डोजरहरू चलाइने छ ।

अतिक्रमित संरचना हटाउने अभियान बिहान १०:०० देखि साँझ ५:०० बजेसम्म सम्बन्धित वडाका अध्यक्ष तथा जनप्रतिनिधिहरूको नेतृत्वमा सञ्चालन हुने महानगरले जनाएको छ। "फिर्के खोला लगायतका सबै स्थानका सार्वजनिक जमिनका संरचना हटाएर सार्वजनिक सम्पत्तिको संरक्षणका लागि महानगरले योजनाबद्ध हिसाबले काम सुरू गरेको छ । आजदेखि खाली गराउन सुरू गरिएको क्षेत्र खोलाघरभित्रको भाग हो । खोला कसैको निजी सम्पत्ति हुन सक्दैन भन्ने तथ्यलाई हामी सबैले गम्भीरतापूर्वक मनन गरौं," महानगर प्रमुख आचार्यले भन्नुभयो ।

महानगरले सार्वजनिक सूचना जारी गरेपछि केही संस्थाहरूले भने आफ्ना संरचना खाली गरिसकेका छन्। फिर्केमा रहेको लायन्स क्लबले शुक्रबार नै सबै सामान सारिसकेको छ। त्यसैगरी, फोटोग्राफर संघलगायतले पनि भवन खाली गरेका छन् । महानगरले गरेको फिर्के नापजाँच प्रतिवेदनअनुसार फिर्के खोलाघरमाथि स्थायीदेखि अस्थायी प्रकृतिका १६० संरचना निर्माण गरिएका छन् । फिर्केखोला नै मिचेर ९७ वटा अस्थायी संरचना र ३५ वटा स्थायी संरचना निर्माण गरेको पाइएको नाप जाँच प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी, खोलामाथि १० अस्थायी र १८ वटा स्थायी प्रकृतिका संस्थागत संरचनाहरू निर्माण गरिएका छन् । साबिक ग्यारजातीपछि सराङकोट गाविस हुँदै हाल पोखरा महानगरपालिका-१८, २, ४, ५, ७, ८, ६ र १७ भएर फेवातालमा मिसिने फिर्के खोलाको कुल लम्बाइ आठ किलोमिटर रहेको छ । यो खोला कम्तीमा ३.३० मिटरदेखि बढीमा ४० मिटरसम्म फराकिलो रहेको नाप जाँचका क्रममा पाइएको छ। फिर्केखोलाको प्राविधिक नाप जाँचपछि यकिन गरिएको खोला घरको पश्चिमतर्फ ३०३ र पूर्वतर्फ २८५ वटा गरी ५८८ सीमास्तम्भहरू गाडिएका थिए । रासस

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४